"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal
२०७३

मितिः २०७७।०४।२७

**महालक्ष्मी नगरपालिका, ललितपुरको विशेष अनुरोध**

पछिल्लो समय काठमाण्डौं उपत्यका लगायत मुलुकका विभिन्न स्थानमा कोभिड-१९ सङ्क्रमितहरुको संख्या दिन प्रतिदिन बढ्दै गएको र सङ्क्रमण फैलने जोखिम उच्च रहेको हुँदा कोभिड-१९ सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि देहाय बमोजिम गर्नु गराउनु हुन सम्पूर्ण नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक अनुरोध गर्दछु ।

१. अत्यावश्यक काम बाहेक घर बाहिर ननिस्कौं ।

२. अत्यावश्यक कामका लागि घर बाहिर निस्कनु पर्दा अनिवार्य रुपमा मास्कको प्रयोग गरौं। मास्कको प्रयोग उचित तरिकाले गरौं ।

३. बेलाबेलामा साबुन पानीले मिचीमिची हात धोऔं वा हयाण्ड स्यानिटाइजरको प्रयोग गरौं ।

४. हरेक व्यक्तिबाट कोभिड सर्ने शङ्का गर्दै कम्तीमा २ मिटरको भौतिक दूरी कायम गरौं ।

५. आफ्नो स्वास्थ्य सुरक्षाप्रति सावधानी अपनाउँदै कोभिड-१९ सङ्क्रमित र तीनका परिवारप्रति सकारात्मक एवम् सहयोगी व्यवहार गरौं ।

६. नगर क्षेत्रभित्र सञ्चालित सबै प्रकारका निर्माण कार्य, ठेलागाडा, साइकल लगायतका साधन मार्फत तथा फुटपाथमा गरिने व्यापार व्यवसाय मिति २०७७।०४।२७ गतेदेखि २०७७।०५।१५ गते सम्म निषेध गरिएको छ। यसलाई सम्बन्धित सबैले पालना गरौं ।

७. आदरणीय नगरवासीहरुको स्वास्थ्य सुरक्षा नगरपालिकाको प्रथम दायित्व हो । नगरपालिकाले कोभिड-१९ को सङ्क्रमण रोकथाम तथा नियन्त्रणको लागि सचेतना, स्वास्थ्य सुरक्षा, जोखिम न्यूनीकरण एवम् उपचारको लागि हरसम्भव प्रयास गरिरहेको छ। मानव जाति विरुद्धको यस विषम परिस्थितिबाट सृजित चुनौतीको सामना गर्न सबै एकजुट भएर आ-आफ्नो स्थानबाट सचेतता एवम् सावधानी पूर्वक योगदान गरौं ।

रामेश्वर श्रेष्ठ
नगर प्रमुख

रामेश्वर श्रेष्ठ
नगर प्रमुख

फोन नं.: ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
E-mail: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np